# पाथीभरा याङ्वरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थेचम्बु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

प.सं.: ०८३/०८४
सूचना नं. ०५

मितिः२०८३/०६/०२

## नागरिक आवास सुधार कार्यक्रम अन्तर्गत आवेदन दिने सम्बन्धी सूचना।

प्रकाशित मितिः२०८३/०६/०२

पाथीभरा याङवरक गाउँपालिकाले चालु आ.व.०८३/०८४ मा गाउँपालिकाभित्र रहेका परिवारहरुको फुस वा खरको छानो हटाई जस्तापाता (टिन) को छाना लगाउन नागरिक आवास सुधार कार्यक्रम सञ्चालन लागत साझेदारीमा हुन गइरहेको छ। तसर्थ, यस गाउँपालिकाभित्र रहेका योग्य तथा लक्षित लाभग्राहीहरूले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** कार्यालय समयमा तोकिएको ढाँचा बमोजिमको निवेदन तथा आवश्यक कागजात सहित आ-आफ्नो वडा कार्यालयमा आवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

❖ **आवेदनका लागि आवश्यक योग्यता/मापदण्डः**

- आवेदक अनिवार्य रूपमा यस पाथीभरा याङवरक गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्ने।
- हाल बसोबास गरिरहेको घर कच्ची (फुस, खरको छानो भएको) हुनुपर्ने।
- परिवारको आर्थिक अवस्था अति विपन्न, दलित, सीमान्तकृत वा एकल महिला/अपाङ्गता भएको व्यक्ति/परिवारलाई प्राथमिकता दिइनेछ।
- यस भन्दा अगाडी फुसको छाना हटाउने कार्यक्रमबाट लाभान्वित नभएको।

❖ **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

- रितपूर्वक भरिएको **आवेदन फाराम/निवेदन।**
- घरमूलीको नेपाली **नागरिकताको प्रमाणपत्रको प्रतिलिपि** (१ प्रति)।
- घर रहेको जग्गाको **जग्गाधनी प्रमाणपूर्जा (लालपुर्जा)** को प्रतिलिपि वा स्वामित्व खुल्ने वडाको प्रमाणित सिफारिस।
- हाल बसोबास गरिरहेको फुस/खरको छानो प्रष्ट देखिने घरको तस्विर।
- परिवारका सदस्यहरूको विवरण।

२०८३/०६/०२

तेजनाथ पोखेल
प्रमुख प्रशासकीय अधिकृत

मितिः

श्री वडा अध्यक्षज्यू,
...... नं. वडा कार्यालय,..........................।
पाथीभरा याङवरक गाउँपालिका, ताप्लेजुङ।

विषयः नागरिक आवास सुधार कार्यक्रमको लागि सिफारिस तथा निवेदन पेश गरेको सम्बन्धमा।

महोदय,

उपरोक्त विषयमा म निवेदक स्थायी रूपमा यस पाथीभरा याङवरक गाउँपालिका, वडा नं. ....... को बासिन्दा भई हाल फुस/खरको छानो भएको घरमा बसोबास गर्दै आएको छु। तँहा गाउँपालिकाको मितिः२०८३/०६/०२ गते प्रकाशित सूचना बमोजिम नागरिक आवास सुधार कार्यक्रम अन्तर्गत मेरो घरको छानो फेर्न वा सुधार गर्नको लागि तोकिएको आवश्यक कागजातसहित यो निवेदन पेश गरेको छु।

निवेदक

नामथरः

ठेगानाः

नागरिकता नं.:

सम्पर्क नं.

हस्ताक्षरः